बेलौरी नगरपालिका, श्रीपुर, कञ्चनपुर

# नगर कार्यपालिकाको बैठक

मितिः २०७७/१२/०९ गते

<u>निर्णयहरू</u>

१. भोलि हुने छैठौं नगर सभाको बैठक वडा नं. ९ को कुण्डा पार्कमा गर्ने ।

२. भोलिको हुने नगर सभाको बैठकलाई भव्य र सभ्य रूपमा सम्पन्न गर्नको लागि सबै कार्यपालिकाका सदस्यहरूले विशेष भूमिका तथा जिम्मेवारी ग्रहण गर्ने ।

३. यस नगर कार्यपालिकाको कार्यालयको लागि कृषि उपज ढुवानी सवारी साधन खरिदका लागि विनियोजित बजेट अपुग हुने देखिएकाले कृषि विकास शाखा अन्तर्गतको बजेट समायोजन गरी सो सवारी साधन खरिदका लागि थप १० लाख बजेट व्यवस्था गर्ने ।

४. प्रत्येक वडाहरुमा भईरहेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको लगत संकलन कार्यमा थप सहजता होस् भन्ने हेतूले सम्बन्धित वडा अध्यक्षहरूको सिफारिसमा कम्तिमा बाह्र कक्षा उत्तीर्ण गरेका नेपाली नागरिक गणकहरू आवश्यकता अनुसार कार्यालयले थप गरी सम्बन्धित वडामा खटाउने ।

५. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको लगत संकलन कार्यमा खटिएका कर्मचारी तथा प्रतिनिधिहरूको भरणपोषण गर्न तथा उत्प्रेरणा बढाउन गणकहरूको लागि उनीहरूले भरेको प्रत्येक सही अनुसूचीको लागि रू. ४० (चालिस), वडा सचिवहरूले रूजु गरेको प्रत्येक सही अनुसूचीको लागि रू. १० (दश), कम्प्यूटर प्रविष्टी कर्ताको लागि प्रत्येक अनुसूचीको विवरण सही प्रविष्टी गरे बापत रू. ५ (पाँच), खटिने जनप्रतिनिधिहरूको लागि प्रत्येक दिनको लागि एक वडालाई एकमुष्ठ रू. २०० (दुई सय) खाजा खर्च र अन्य खटिने कर्मचारीहरू भएमा कार्यालयको निर्णय बमोजिम दोहोरो नपर्ने गरी प्रोत्साहन भत्ता तथा खाजा खर्च उपलब्ध गराउने ।

६. यस नगरपालिकाको लागि आवश्यक आवधिक योजना तथा नगर प्रोफाइल निर्माण गर्ने र सो कार्यका लागि चालू आर्थिक वर्षको विनियोजित बजेट शीर्षक **सेवा तथा परामर्श खर्च**बाट व्यवस्थापन गर्ने ।

७. राजस्व परामर्श समितिबाट निर्णय भई कार्यपालिकाको बैठकमा आएका देहायका निर्णयहरूलाई कार्यालयले क्रमशः कार्यान्वयन गर्दै जाने । ती कार्यका लागि चालू आर्थिक वर्षको विनियोजित खर्च शीर्षकहरूबाट खर्च गर्ने ।

देहाय

राजस्व परामर्श समितिबाट निर्णय भई कार्यपालिकामा पेश भएका विषयहरू

a. यस नगरपालिका क्षेत्रभित्र रहेका ताल/ तलैयाहरूको संरक्षण र सम्बर्धन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।
b. यस नगरपालिकाको राजस्व सुधार कार्य गर्न नगर स्तरीय अनुशिक्षणका लागि आवश्यक बजेट व्यवस्था मिलाउने ।
c. नगर स्तरीय राजस्व परामर्श समितिका सदस्यहरूको लागि असल अभ्यास अध्ययन भ्रमणका लागि कार्यालयले आवश्यक बजेटको प्रवन्ध मिलाउने ।
d. नगरपालिका क्षेत्रभित्र आवश्यकता बमोजिम खाद्य सामग्री विक्री पसल तथा व्यापार व्यवसायको नियमित अनुगमन गर्नको लागि आवश्यक बजेटको प्रवन्ध कार्यालयले गर्ने ।

८. महालेखा परीक्षकले औंल्याएका गत वर्षसम्मको बेरूजू सम्परीक्षण गरिदिनको लागि महालेखा परीक्षकको कार्यालय, डोरमुकाम, कञ्चनपुरलाई लेखी पठाउने ।

९. विभिन्न पत्रपत्रिका, छापा तथा विघूतीय सञ्चार माध्यमहरूलाई तथा अन्य विपन्न वर्गका नगरवासीहरूलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ठोस कार्ययोजना बनाउने । सो कार्यका लागि कार्यपालिकाबाट आवश्यकता बमोजिम समिति गठन गर्ने र आगामी बैठकहरुबाट निर्णय गर्ने ।

१०. प्रत्येक वडाहरुबाट उपभोक्ता समितिहरूलाई योजना सम्झौता देखि अन्तिम भुक्तानीका लागि सिफारिस गर्दा आवश्यक सम्पूर्ण कागजातहरू रूजू गरी पठाउने । अनुगमन समितिबाट अनुगमन नभएसम्म अन्तिम भुक्तानीका लागि सिफारिस नगर्ने । उपभोक्ता समितिहरूको लागि सम्झौता गर्ने अन्तिम मिति यहि चैत महीनाको मसान्तसम्म तय भएको विषय वडाहरूमा पुनः प्रचार प्रसार गर्ने ।

११. यसै नगरपालिका अन्तर्गतको बेलौरी छोटी भन्सारलाई जनशक्ति व्यवस्था गरी सञ्चालन गर्नको लागि भन्सार कार्यालय, कैलाली समेत सम्बन्धित निकायहरूमा लेखी पठाउने र सो कार्यको लागि नगरपालिकाले आवश्यक सहयोग गर्ने ।

१२. चालू आर्थिक वर्षका लागि सुदुर पश्चिम प्रदेश सरकारबाट कार्यान्वयनका लागि बजेट सहित यस नगर कार्यपालिकाको कार्यालयलाई प्राप्त योजना तथा कार्यक्रमको कार्यान्वयन गर्नको लागि वडा कार्यालयहरूलाई उपभोक्ता समिति गठन गरी सम्झौता गर्न पठाउनको लागि लेखी पठाउने ।

१३. नगर कार्यपालिकाको कार्यालयबाट प्रदान हुने सेवालाई चुस्त दुरूस्त, छिटो छरितो, झन्झटरहीत एवम् प्रभावकारी बनाउने । यी कार्यका लागि कार्यरत कर्मचारीहरूलाई

उत्प्रेरित गर्ने । कर्मचारीहरूलाई पर्ने अनावश्यक दवाव र प्रभावलाई निरुत्साहित गर्ने । यस कार्यका लागि कार्यपालिकाका सदस्यहरूले प्रभावकारी भूमिका निर्वाह गर्ने ।

१४. नगर कार्यपालिकाको कार्यालयमा रिक्त सूचना प्रविधि अधिकृतको पदपूर्तिका लागि लोक सेवा आयोगले तय गरेको स्थानीय सेवा तर्फको विविध सेवा, अधिकृत स्तर छैठौं तह, कम्प्यूटर अधिकृतको पाठ्यक्रम तथा छनौट विधि र पद्दतिमा आधारित रही संलग्न बमोजिमको **बेलौरी नगरपालिकाको लागि सूचना प्रविधि अधिकृत छनौटको मापदण्ड, २०७७** स्वीकृत गरी सोही बमोजिम परीक्षाहरू सञ्चालन गर्ने ।

१५. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०७७/१२/०८ को प्रेस विज्ञप्ति समेतका आधारमा कोभिड १९ को संक्रमणलाई न्यूनीकरण तथा रोकथाम गर्न पूर्ववत् रुपमा तय गरिएको यस नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई स्थगन गर्ने ।

१६. यसै नगरपालिका वडा नं. ५ मा रहेको जननमुना माध्यमिक विद्यालयको लागि शिक्षा तथा मानवश्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट स्वीकृत भई आएको विस्तृत परियोजना प्रतिवेदनलाई स्वीकृत गर्ने र सो विद्यालयको लागि प्राप्त नमूना विद्यालय कार्यक्रमको सशर्त बजेटलाई कार्यान्वयन गर्ने ।

१७. यस नगरपालिकाको न्यायीक समितिका बैठकहरूमा सहभागी हुने पदाधिकारी तथा कर्मचारीको लागि कानून बमोजिम बैठक भत्ता उपलब्ध गराउने ।

-0-